## सम्पादकीय

# पालिकाहरूको नीति कार्यक्रम र बजेट

*हरेक बर्षजस्तो यो बर्षपनि पालिकाहरूले यही बेला नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेका छन्। केही पालिकाहरूले नीति तथा कार्यक्रम प्रस्तुत गरेका छन् भने बुटवल उपमहानगर र तिलोत्तमा नगरपालिकाले बजेट नै सार्वजनिक गरिसकेका छन्। रूपन्देहीका पालिकाहरूमा नीति कार्यक्रम र बजेटको माचो छ। पालिकाहरूको नीति तथा कार्यक्रमले जनताको मन छुन सकेको छैन। नीति तथा कार्यक्रम एकातिर र बजेट अर्कोतिर जाने विगतको जुन गलत अभ्यास थियो, त्यो ट्र्याकमा आउनुपर्दछ। पालिकाहरूको नीति तथा कार्यक्रम सुन्दा फोटोकपि लाग्छ। एउटै नीति तथा कार्यक्रमलाई पालिकाहरूले आ-आफ्नो तरिकाले कपि पेष्ट अर्थात साभार गरेका छन्। सारमा एउटै जस्तो लाग्ने नीति तथा कार्यक्रमले जनताको गुनासो सम्बोधन गर्न सकेको छैन्। उही पुरानै योजना र कार्यक्रमलाई नयाँ स्वरूप दिने काम भएको छ। पालिका अनुसार केही नयाँ योजना थपेर नीति तथा कार्यक्रम बनाउने र सोही अनुसार थपघट गरि बजेट प्रस्तुत गर्ने काम भैरहेको छ। पालिकाहरूले प्रस्तुत गरेको नीति तथा कार्यक्रम पुरानै योजना र कार्यक्रमको निरन्तरता हो भन्दा अत्युक्ति हुँदैन। बुटवलमा यो बर्ष बुटवल भ्रमण बर्ष घोषणा गरिने भएको छ। बजेटमा यो शीर्षक परेको छ। पछि यो कार्यक्रमको समीक्षा होला तर यसले केही नयाँपन दिने प्रयास गरेको छ। यद्यपि गत बर्ष नै नीति तथा कार्यक्रममा समावेश यो कार्यक्रम चालू बर्ष नै सम्पन्न हुनुपर्थ्यो। अरू पालिकाहरूले पनि नीति तथा कार्यक्रममा समावेश योजनाहरूलाई निरन्तरता दिने काम गरेको देखिएको छ। फेरीपनि पालिकाहरूले शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार विकास, पर्यटन, सीप विकास र तालिमकै वरिपरी घुम्दै नीति तथा कार्यक्रम सार्वजनिक गरेका छन्। पालिकाहरूले जनताको आशा र अपेक्षा अनुरूपको नीति तथा कार्यक्रम ल्याएको दावी गरिरहेका छन तर सारमा कार्यक्रमले जनताको विश्वास जित्न सक्यो कि सकेन भन्ने कुरा महत्वपूर्ण छ। सवै पालिकाको एकै प्रकृतिको नीति तथा कार्यक्रम छ। नीति तथा कार्यक्रम नाराले भरिएका छन्।*

*वि.सं. २०७९ मा सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरूको यो तेश्रो नीति तथा कार्यक्रम हो। अहिलेका जनप्रतिनिधिले अव अन्तिम नीति तथा कार्यक्रम अर्को बर्ष प्रस्तुत गर्नेछन्। जिम्मेवारीको उत्तरार्धको अवस्थामा आईपुग्दासम्म पालिकाहरू आम जनताको आशा र भरोसा बटुल्न सक्षम भए कि भएनन ? त्यो समीक्षाले नै देखाउनेछ। तर, नीति तथा कार्यक्रममा जुन कुरा समावेश भएका छन, ती अक्षरशः लागू गर्न किन नसकिएको होला ? भन्ने यक्ष प्रश्न छ। हरेक बर्ष प्रस्तुत गरिने नीति तथा कार्यक्रम विगतकै नीति तथा कार्यक्रमको निरन्तरता नबनोस्। यद्यपि कुनै कुनै पालिकाका नीति र कार्यक्रम तथा बजेट राम्रो छ। किसानलाई कृषि र उत्पादनमा जोड दिएकोले बजेट कृषि र कृषकमुखी छ। सवै क्षेत्रलाई समेटेर नीति तथा कार्यक्रम आउनु र बजेटमा ती सवै कुरा समावेश गर्नु आफैमा स्वागतयोग्य कुरा हो। अर्कोतर्फ चालू आर्थिक वर्षको चालू खर्च, विकास बजेट र पुँजीगत खर्चको अवस्था पालिकाहरूको पनि उस्तै छ। पालिकाहरूले पनि चालू खर्च बढी गर्ने र पुँजीगत खर्चमा कमजोर हुने हो भने संघीय र प्रदेश सरकारकै नियति दोहोरिनेछ। अव समय धेरै छैन। जनप्रतिनिधिहरूमा केही गर्ने हुटहुटी हो भने अव देखाउने बेला भएको छ। इतिहासले यो सुनौलो अवसर सधै दिदैन। धेरै कमलाई दोहोरिएर उमेदवार बन्ने अवसर प्राप्त होला तर निर्वाचन जितेर आउनुपर्ने अवस्था सजिलो छैन्। त्यसैले अब जनप्रतिनिधिहरूको ध्यान निर्वाचनका क्रममा गरेका बाचा पूरा गर्नेतर्फ जाओस्।*

# समावेशी शिक्षा कार्यान्वयनमै चुनौति



कल्पना तिवारी

समाजमा रहेका हरेक वर्ग, क्षेत्र समुदाय, सम्प्रदाय, जातजाति लगायत शिक्षाबाट बञ्चित रहेका वर्गलाई उनीहरूको आवश्यकता र चाहाना अनुसारको शिक्षा प्रदान गर्नु समावेशी शिक्षाको सिद्धान्त हो। जसले उनीहरूलाई गुणस्तरिय जीवनयापन गर्न सक्ने बनाई शिक्षाको माध्यमबाट राज्यको मूल प्रवाहमा समाहित गर्ने शिक्षाको आधुनिक विधिनै समावेशी शिक्षा हो। समावेशी शिक्षा नेपालमा नयाँ अवधारणा हो। यो शिक्षाले सबै बालबालिकाका लागि विभेदरहित वातावरणमा शिक्षा पाउने अधिकार प्रदान गर्दछ। समावेशी शिक्षा वहुसाँस्कृतिक भिन्नतालाई सम्मान गर्दै आफ्नै समुदायमा शिक्षा प्राप्त गर्ने अधिकार लाई सुनिश्चित गर्ने एक प्रकृया हो। सबै बालबालिकाहरूले सिक्न सक्दछन् भन्ने स्विकार गर्दछ। सबै बालबालिकाहरूले आफ्नो समुदायमा शिक्षा पाउने अधिकार सुनिश्चित गर्दछ र, बालबालिकाहरूमा भएको ढल्के अक्षर भिन्नता (लिंग जात, भाषा, अपांगता) आदिलाई सम्मान गर्दछ भन्ने यी तीन विषय समावेशी शिक्षाका मुख्य आधार हुन। नेपालको संविधानको भाग-३ को धारा ३१ मा शिक्षाको हक अन्तर्गत उपधारा-१ मा प्रत्येक नागरिकको आधारभूत शिक्षामा पहुँच हुने छ, धारा -२ आधारभूत शिक्षा अनिवार्य र निशुल्क र माध्यमिक शिक्षा निशुल्क रहने व्यवस्था गरेको देखिन्छ। त्यसैगरि धारा ३ मा उच्च शिक्षाको हकमा अपांगता भएका र विपन्न वर्गका बालबालिकालाई कानुन वमोजिम उच्च शिक्षा निशुल्क रहने व्यवस्था गरिएको छ। उपधारा ४ मा दृष्टिविहिनलाई ब्रेल लिपिमा छापिएको किताव र बहिरालाई सांकेतिक भाषा निशुल्क प्रदान गर्ने व्यवस्था रहेको देखिन्छ। उपधारा-५ मा हेर्ने हो भने प्रत्येक समुदायलाई आफ्नो मातृभाषामा विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्न पाउने हकको व्यवस्था गरेको देखिन्छ।

समावेशी शिक्षाका लागि नेपाल सरकारले अपांगता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति २०७३ जारी गरि केहि समय कार्यान्वयनमा ल्याए पनि हाल यो नीति खारेज गरेको छ। अपांगता मात्रै नभएर सबै वर्ग र समुदायका बालबालिकाशरुलाई समावेशी शिक्षाको माध्यमबाट सम्बोधन गर्ने गरि राष्ट्रिय शिक्षा नीति २०७६ मा सबैका लागि शिक्षा अनिवार्य, निशुल्क, गुणस्तरिय र समावेशी हुनुपर्ने भनेर उल्लेख गरेको पाईन्छ। संविधानमा उल्लेख गरे अनुसार नीति निमार्ण गरे पनि स्थानीय सामुदायिक विद्यालयमा समावेशी शिक्षा कार्यान्वयन नभएको शिक्षा सम्बन्धी सरोकार राख्ने संस्था,अभियानता र शिक्षाविदहरू बताउँछन्। रूपन्देही जिल्लामा सिद्धार्थनगर नगरपालिकास्थित बहिरा माध्यमिक विद्यालय र देवदह नगरपालिकाको केरवानी माध्यमिक विद्यालयमा जहाँ बहिरा तथा सुस्त श्रवण अपांगता भएका बालबालिकाहरूले अध्ययन गर्दै आएका छन्। यसैगरि तिलोत्तमाको शान्ती नमूना माध्यमिक विद्यालय दृष्टिविहिन, सियारी गाउँपालिकाको विरेन्द्र माध्यमिक विद्यालय र कञ्चन गाउँपालिकाको रुद्रपुर माध्यमिक विद्यालयमा वौद्धिक अपांगता भएका बालबालिकाहरूले अध्ययन गर्दछन्। बुटवलको सुस्त मनःस्थिति बाल विद्या मन्दिरमा सुस्त मनःस्थिति अपांगता भएका बालबालिकाहरू अध्यानरत रहेको पाईन्छ। अपांगता भएका बालबालिकालाई अध्यापन गराउने विशेष शिक्षा संचालन गर्ने यि ६ विद्यालय मध्ये ५ वटा विद्यालयमा सरकारी लगानीमा संचालित छन् भने बुटवलको सुस्त मनःस्थिति बाल विद्या मन्दिर एक गैर सरकारी संस्थाद्धारा संचालित सामुदायिक विद्यालय रहेको छ।

यी त भए अपांगता भएका बालबालिकाहरूका लागि विशेष शिक्षाकारूपमा संचालन गरिएका स्रोत कक्षाहरू। यतिले मात्रै समावेशी शिक्षाको सिद्धान्तलाई छुन नसक्ने शिक्षा विज्ञहरूको तर्क रहेको छ। समावेशी शिक्षाले त विद्यालय उमेरका बालबालिकाहरूको भिन्न क्षमता, अपांगता, लिङ्ग, भाषा, जातीयता, आर्थिक अवस्था वा सामाजिक पृष्ठभूमि जे भएपनि घर नजिकको पायक पर्ने विद्यालयमा गुणस्तरीय शिक्षा पढ्न पाउने अधिकार जनाउँछ। जसले हरेक बालबालिकाहरूको आवश्यकतालाई बुझी उनीहरूको सहभागीताको सुनिश्चित गर्दै सबै प्रकारका विभेदको अन्त्य गर्दछ। नेपालको सन्दर्भमा शिक्षा नीति, संयुक्त राष्ट्रसंघीय सन्धीहरू र विभिन्न नीतिहरूको आधारमा समावेशी शिक्षाका न्यूनतम मापदण्डहरू तोकिएका छन्। जस्तो नीतिगत प्रतिवद्धताः सबै बालबालिका (विशेषगरि अपागंता भएका बालबालिका) लाई शिक्षामा सहभागी गराउने स्पष्ट नीति र कानुनी व्यवस्था हुनु आवश्यक छ। सिआरपीडी र नेपालको संविधान अनुसार शिक्षा हरेक व्यक्तिको अधिकार हो।

**भौतिक पहुँचः**

सबै बालबालिकाहरूले सहजरूपमा प्रयोग गर्नसक्ने विद्यालय भवन, शौचालय, पाठ्यपुस्तक, कक्षाकोठा खेलमैदान आदिमा पहुँचयोग्य संरचनासंगै ह्विलचेयर प्रयोगकर्ताका लागि र्‍याम्प र दृष्टिविहिन बालबालिकाका लागि मार्गदर्शन संकेत सहित।

**शिक्षण सामग्री र प्रविधिको पहुँचः**

अपागंता अनुसारको पाठ्यपुस्तक (ब्रेल, ठूलो अक्षर, अडियो, संकेत भाषा) सहायक प्रविधिको प्रयोगः स्क्रीनरिडर,हियरिङ एड,ट्याब्लेट) दक्ष जनशक्ति : समाबेशी शिक्षाका लागि तालिम प्राप्त शिक्षकहरू, सहयोगी कर्मचारी, विशेष शिक्षक, शिक्षक सहायक, व्याख्याता, परामर्शदाता आदि)। लचिलो पाठ्यक्रमः बालबालिकाको आवश्यकता अनुरूप अनुकुल हुने पाठ्यक्रम भएमात्र उनीहरूले आफ्नो स्तर अनुसारको शिक्षा ग्रहण गर्न सक्दछन्। यसर्थ सिकाईको लागि विश्वव्यापी डिजाइन अवलम्वन गर्न आवश्यक देखिन्छ।

**सामाजिक समावेशीता र भेदभावरहित वातावरणः**

सबै विद्यार्थीलाई समान व्यवहार गर्दै शारीरिक, मानसिक र भावनात्मक सहयोगको वातावरण सृजना गर्ने। सहयोगी अभिभावक, समुदाय अभिभावकको सहभागिता र समुदायको समर्थन मा समावेशी शिक्षा सम्बन्धी सचेतना कार्यक्रम, अभिभावक शिक्षा कार्यक्रमको निरन्तर संचालन।

**अनुगमन र मूल्यांकन :**

समावेशी शिक्षा कार्यान्वयनको निरन्तर अनुगमन, शिक्षक र विद्यार्थीको प्रगति मूल्यांकनमा समावेशी दृष्टिकोण अपनाइने लयायतका मापदण्डहरू छन् तर यो कार्यान्वयन हुन सकेको छैन।

(बाँकी पृष्ठ ३ मा)

## आत्मनिर्भरताका...

महिलाले पाएको सिलाई मेसिनले स्वरोजगारको बाटो खोल्ने स्थानीय भूमिका खन्गाहा भनिन् 'अब अरूको भर पर्नु पर्दैन्। आफ्नै हातले कमाउने बाटो खुलेको छ।'

यता गाउँपालिका अध्यक्ष गोपाल बहादुर थापाले अपाङ्गता भएका व्यक्तिहरूको क्षमता पहिचान गरिएको बताए। उनीहरूको दीर्घकालीन स्वरोजगार तथा आत्मनिर्भरता अभिवृद्धिका लागि योजना अघि बढाइएको उनको भनाइ छ। 'हरेकको घरमा आशा पलाओस्। अपाङ्गता अब पीडाको होइन, प्रेरणाको परिचय बनोस्' अध्यक्ष थापाले भने। यस्तै उपाध्यक्ष लक्ष्मी कुमारी चौधरीले अपाङ्गता भएका बालबालिकाको शिक्षालाई प्राथमिकता दिइएको बताईन्। विभिन्न संघसंस्थासँगको सहकार्यमा थप योजनासँगै क्षमताको पहिचान गरी उनीहरूको जीवनमा टेवा पुऱ्याउने उनको दाबी छ।

## बुटवलले...

विद्यालयहरूको सुधार र न्यूनतम मापदण्ड पूरा गर्नका लागि ६ करोड, कृषि सुधार कार्यक्रम अन्तर्गत बुटवलका किसान हाम्रो सान कार्यक्रमका लागि १ करोड, छात्राहरूलाई निःशुल्क अध्ययनको व्यवस्था मिलाउने कार्यक्रम छोरी पढाउँ कार्यक्रमका लागि ५० लाख, विपन्न वर्गका बालबालिकाको पोशाक र शैक्षिक सुधारका लागि ३० लाख, सामुदायिक विद्यालयमा डिजिटल लर्निङ पोर्टल र कम्प्युटर शिक्षा सुधारका लागि १ करोड, स्थानीय पाठ्यक्रमलाई सुधार गर्ने कार्यका लागि ७० लाख बजेट छुट्याइएको छ।

यस्तै जेष्ठ नागरिक र असहायहरूलाई घरदैलोमा स्वास्थ्य सेवा पुऱ्याउने कार्यक्रम बाआमासँग नगर प्रमुख कार्यक्रम सञ्चालनका लागि ९० लाख, महिलाहरूको पाठेघर, स्तन क्यान्सर, भिडियो एक्सरे र अन्य स्वास्थ्य परीक्षणका लागि ३० लाख, बुटवल १३ र १७ मा निर्माण भएका अस्पताल सञ्चालन तथा व्यवस्थापनका लागि ६० लाख बजेट छुट्याइएको छ।

यस्तै गरी, नगरलाई सफा र स्वच्छ राख्न मेरो टोल म सफा गर्छु भन्ने कार्यक्रम सञ्चालनका लागि ७० लाख, झुम्सा खानेपानी बुटवलमा ल्याउनका लागि पाल्पाको तिनाउ गाउँपालिकाको मुहान क्षेत्रको विकासका लागि २ करोड, गृहिणी महिलाहरूलाई रोजगारसँग जोड्ने कार्यक्रमका लागि ३ करोड, उद्यमी महिलाहरूका लागि ७० लाख, दलित समुदायका परम्परागत पेशालाई सीप विकास केन्द्रका रूपमा सञ्चालन गर्न ८५ लाख, बुटवल क्षेत्रको मुख्य सडक र भित्री सडकहरूलाई हरियाली बनाउँदै सौन्दर्यीकरण गर्न ३ करोड, जितगढी किल्ला नजिकै आरती केन्द्र निर्माणका लागि ५ करोड र गौशाला व्यवस्थापनका लागि १ करोड बजेट विनियोजन भएको उपप्रमुख अर्यालले बताइन्।

किसानहरूका समूहलाई उपकरण खरिदमा अनुदान दिनका लागि १ करोड, दुग्ध उत्पादक किसानहरूलाई प्रोत्साहन स्वरूप अनुदान दिनका लागि ५० लाख, कालिकापथ, अमरपथ र ट्राफिक चोकमा रात्रीकालीन बजार सञ्चालनका लागि ५० लाख विनियोजन भएको छ।

यस्तै अव्यवस्थित बसोबास र सुकुम्बासी क्षेत्रको नापजाँचको व्यवस्थापनका लागि १ करोड ५० लाख, पुन नापी गर्नका लागि २ करोड रूपैयाँ विनियोजन भएको छ। बुटवलले यसअघि शिक्षा स्वास्थ्य रोजगार पर्यटन र कृषिलाई विशेष प्राथमिकता दिदै नीति तथा कार्यक्रम प्रस्तुत गरेको थियो।

नीति तथा कार्यक्रम प्रस्तुत गर्दै नगर प्रमुख खेलराज पाण्डेयले शिक्षा स्वास्थ्य रोजगार पर्यटन र कृषिलाई प्राथमिकता दिएर नीति बनाएको बताएका थिए। उनले जनशक्ति उत्पादन र खपतमा जोड दिदै पढाइसँगै रोजगार कार्यक्रम र ४० जना छात्राहरूलाई निशुल्क प्राविधिक शिक्षा अध्ययनको व्यवस्था गर्ने कार्यक्रम सञ्चालन गर्ने बताए। उनले परम्परागत सीपलाई प्रवर्द्धन गर्नका लागि सीप विकास केन्द्र सञ्चालन गर्ने बताए। बुटवलका गृहिणी महिलाहरूलाई रोजगारसँग जोड्दै स्वरोजगार बनाउन नगरप्रमुख गृहिणी महिला रोजगार कार्यक्रम अन्तरगत उत्पादित वस्तुको उत्पादन र विक्री केन्द्र (कोशेली घर) स्थापनामा जोड दिइने बताए। शिवनगरमा रहेको गौशालाको व्यवस्थापनलाई थप प्रभावकारी बनाउँदै बुटवल १२ चारपाला सामुदायिक वनमा बहुउद्देश्यीय कामधेनु गौशाला तथा अन्य आवश्यक स्थानमा गौशाला स्थापना गरिने उनले बताए। 'घुमौं बुटवल' भन्ने अभियान अन्तरगत यसै आर्थिक वर्षलाई बुटवल भ्रमण वर्ष घोषणा गरी आन्तरिक र बाह्य पर्यटकको आगमनलाई वृद्धि गर्नका लागि अभियानहरू सञ्चालन गर्ने प्रमुख पाण्डेयले बताए।


## हकदावी गर्न आउने सम्बन्धी ३५ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०३/१०**

भिखा लोहारको नाति,हंसराज लोहारको छोरा,रुपन्देही जिल्ला,कञ्चन गाउँपालिका वडा नं.२(साविक, रुपन्देही जिल्ला, गजेडी गाउँ पञ्चायत वडा नं.८) मा स्थायी ठेगाना भई ऐ.ऐ.बस्ने राम समुझ लोहार(नागरिकता प्रमाणपत्र नं.२१८३,नागरिकता जारी मिति २०३६/०८/२१,गृह पञ्चायत मन्त्रालय)को मिति २०८२/०२/०८ मा मृत्यु भएको र निज मृतकको नाममा यस विकास बैंकको शाखा कार्यालय सूर्यपुरामा रहेको बचत खाता नं.०४७००७००२५६५१७००००००१ मा रहेको सम्पूर्ण रकम हकवाला मृतकको छोराहरु ,रुपन्देही जिल्ला, कञ्चन गाउँपालिका वडा नं.२(साविक, रुपन्देही जिल्ला, गजेडी गा.वि.स वडा नं.९)मा स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने खेताउ लोहार र राम लखन लोहारले आवश्यक कागजातहरु संलग्न गरी भुक्तानी पाउँ भनी यस विकास बैंक समक्ष निवेदन पेश गर्नु भएको हुँदा उक्त रकममा अन्य कोही कसैको हकदावी लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्रमा आफ्नो भएको सबुत प्रमाण सहित विकास बैंक समक्ष हकदावी गर्न आउनु हुन अनुरोध गर्दछौं। उक्त म्यादभित्र हकदावी पर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। पछि यस उपर कसैको कुनै उजुर बाजुर नलाग्ने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउदँछौं।

शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि.
केन्द्रीय कार्यालय: बुटवल-११, कालिकानगर, रुपन्देही
फोन: ०७१-५९५५०२/५९५५०३
E-mail: info@srdb.com.np, URL: www.srdb.com.np

## बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुटवल, रूपन्देही

### हाट बजार संचालन तथा ब्यबस्थापन सम्बन्धी बोलपत्र आह्वानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१।०३।१०**

बुटवल उप महानगरपालिका क्षेत्रभित्र संचालनमा रहेको तपसिल वमोजिमको हाटवजारहरूको संचालन व्यवस्थापन कार्य आय ठेक्का बन्दोबस्त गरी निजी क्षेत्र मार्फत गराउनु पर्ने भएको हुंदा तोकिएको शर्त, नियम तथा प्रावधान भित्र रही उक्त हाटबजार संचालन तथा ब्यबस्थापन गर्न इच्छुक नेपाल सरकारबाट इजाजत प्राप्त फर्म, कम्पनीबाट (नियमानुसार प्रमाण पत्र नविकरण भएका) रित पूर्वकको बोलपत्र विद्युतिय माध्यम (e-Bidding) बाट पेश गर्ने गरी सम्बन्धित सबैको जानकारीका लागि यो बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ।

**शर्त, नियम तथा प्रावधानहरू :-**

१) विद्युतीय (Electronicaly) बोलपत्र खरीद गर्न बोलपत्रदाताले बोलपत्र दस्तुर वापत रु १०००/- (एक हजार रूपैया मात्र) (पछि फिर्ता नहुने) राष्ट्रिय बाणिज्य बैक बुटवल शाखाको आन्तरिक श्रोत बुटवल उप महानगरपालिकाको कार्यालय कोड नं. (८०१०५४८०१) ३१२०१००३०१०१०००२ मा जम्मा गरी वा अन्य बैक वा वित्तीय संस्थाबाट उक्त खातामा जम्मा हुने PPMO को Website:http//www.bolpatra.gov.np बाट म्यधलयिबम गरी प्राप्त गर्न सकिनेछ।

२) तपसिलमा तोकिए बमोजिमको मिति र समय सम्म वोलपत्रहरू ९भ(क्गदष्ततभम० दाखिला भईसक्नुपर्नेछ। सोही दिन दिनको १.०० बजे बु.उ.म.न.पा. नगरकार्यापालिकाको कार्यालयमा खोलिनेछ। बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

३) वोलपत्रदाताले वोलपत्रसाथ आफुले कवोल गरेको कुल ठेक्का अंक (भ्याट सहित) को ५ प्रतिशतले हुने धरौटी रकम यस कार्यालयको रा.वा. बैक बुटवल शाखामा रहेको कार्यालयको कोड नं. ८०१०५४८०१ धरौटी खाता नं. ३१२०१००३०३००००२ मा जम्मा गरेको सक्कलै भौचर वा वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मितिले कम्तिमा ९० दिन सम्म म्याद भएको बुटवल उपमहानगरपालिका नगरकार्यापालिकाको कार्यालयको नाममा जारी गरिएको क वर्गको वाणिज्य बैंक वा वित्तिय संस्थावाट बैक जमानीपत्र (विडवण्ड) पेश गर्नुपर्नेछ।

४) कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार वुटवल उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ।

५) ठेक्का सम्झौतापछिको बुझाउन बांकी किस्ता वरावरको रकम २०८४ भाद्र मसान्तसम्म म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ।

६) वुटवल उपमहानगरपालिकाले तोकेको क्षेत्र भन्दा वाहिर हाटवजार लगाउन पाइनेछैन। साथै तोकिएको क्षेत्र चौकिल्ला वाहेका स्थान तथा सडक पेटीमा कुनैपनि व्यवसायका लागि स्थान उपलव्ध गराउन पाइनेछैन।

७) उल्लेखित हाटबजारहरूको बिजुली, पानी, शौचालय ब्यवस्थापन तथा सरसफाईको ब्यबस्था बोलपत्रदाताले नै गर्नुपर्नेछ।

८) हाट बजारहरूको बैठकी दररेट लगायतका अन्य शर्त र प्रावधानहरूको विस्तृत विवरण बोलपत्र फारममा दिईएको छ। थप जानकारीका लागि वुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको सम्पत्ति ब्यवस्थापन/राजश्व शाखामा सम्पर्क राख्न सकिने छ।

९) नेपाल सरकारलाई बुझाउनु पर्ने प्रचलित ऐन नियमानुसारको कर (मुल्य अभिबृद्धि कर, तथा अन्य कर) बोलपत्रदाता स्वयंले बुझाउनु पर्नेछ।

१०) अन्य कुराहरू स्थानीय सरकार संचालन ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, आय ठेक्का वन्दोवस्त गर्ने सम्वन्धि नियमावली २०७६ र प्रचलित ऐन नियम बमोजिम हुनेछ।

**तपसिल**

| आय ठेक्का नं. | कामको विवरण | न्यूनतम ठेक्का अंक (सरकारी कर वाहेक) (२ आर्थिक वर्षका लागि) | वोलपत्र फाराम दस्तुर (पछि फिर्ता नहुने) | वोलपत्रहरू (E-Submitted) दाखिला भईसक्नुपर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|
| १२/०८१/०८२ | रानिबारी गौडी, वडा नं. १९, सोमबार लाग्ने हाटबजार संचालन/ब्यवस्थापन | रु. ८०,०००.०० (असी हजार मात्र) | रु.१०००.०० | मिति २०८२।०४।०८ गते दिउंसो १२ बजे सम्म |

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल असार महिना १० गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय रामापुर कोलोनीबाट तपशिलमा उल्लेखित ऋणीले व्यापार अधिविकर्ष कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **बिष्ट फर्निचर उद्योग** प्रोप्राइटरको नाम : रमेश विष्ट प्रा.फ.र.नं. : १८३१४/०७५/०७६
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय दर्ता मिति : २०७५/११/१५
उद्योगको ठेगाना : रुपन्देही जिल्ला देवदह न.पा. वडा नं. १२ स्थायी लेखा नं. : ३०५६४२८७५

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) भेग बहादुर विष्टको नाति तेज बहादुर विष्टको छोरा रुपन्देही जिल्ला केरवानी वडा नं. ५ हाल, देवदह न.पा वडा नं. ३ बस्ने **रमेश विष्ट** (ना.प्र नं. : ३७३००२/९१२ जारी मिति र जिल्ला : २०६३/१०/२२, रुपन्देही)

२) धर्मराज बस्यालको छोरी तेज बहादुर विष्टको बुहारी रमेश विष्टको पत्नी रुपन्देही जिल्ला केरवानी वडा नं. ५ हाल, देवदह न.पा. वडा नं. ३ बस्ने **तुलसा विष्ट** (ना.प्र नं.: ३७१००२/२४२१० जारी मिति र जिल्ला : २०६५/०१/२६, रुपन्देही)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :** मिति २०७९/११/०३ को नागरिक टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (विघा) |
|---|---|---|---|---|
| रमेश विष्ट | रुपन्देही जिल्ला सिक्टहन वडा नं. ६ | ६ग | ८०० | ०-४-०-० |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०३/३० गते सोमबार भित्र यस बैंकको शाखा कार्यालय रामापुर कोलोनी आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०३/३१ गते मंगलबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय रामापुर कोलोनीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel: 01-5970887, Toll Free No.: 16600149999 (NTC), Toll Free No: 18102149999 (Ncell), Web: www.muktinathbank.com.np, E-mail: info@muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ